# अन्तिम लेखापरीक्षण प्रतिवेदन

राईनास नगरपालिका,तिनपिप्ले,

लमजुङ्ग

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७८/७९

च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
राईनास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
तिनपिप्ले, लमजुङ्ग ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्याः २०७८।७९
च.नं.: १७५

मितिः २०७८।५।४

श्री नगर प्रमुखज्यू,
राईनास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, तिनपिप्ले,
लमजुङ्ग ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले राईनास नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रु.५ करोड ९३ लाख ४३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२० लाख ९६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २१ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु.८१ लाख ७२ हजार र पेश्की बाँकी रु.३ करोड ६८ लाख ९७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २२ (बाइस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

**राईनास नगरपालिका,तिनपिप्ले, लमजुङ्ग**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७६/७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा. वि.धायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस राइनास नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यसपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, ९१.९७ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ५२७ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि. नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ४८४३३४२१.५८ | १ | चालु खर्च | | २४९६४७५६७.५ |
| | क) नगद | ० | | | संघीय सरकार समानिकरण अनुदान | १९३०७७३७ | |
| | ख) बैंक | ४८४३३४२१.५८ | | | प्रदेश सरकार समानिकरण अनुदान | २९६६०९० | |
| २ | राजस्व (आन्तरिक आय) | | ५११८१९३१ | | संघीय सरकार राजश्व वाँडफाँड | ३५५४७५७४. | |
| | क) आन्तरिक राजस्व | ४२२६१३६. | | | आन्तरीक श्रोत | ५९०५७४६ | |
| | ख) राजस्व बाँडफाँड | ४६९५५७९४.५ | | | शसर्त अनुदान चालु | १८०७४४४७०.५ | |
| | ग) अन्य आय | ०. | | | प्रदेश सरकार राजश्व वाँडफाँड | ५१७५९५० | |
| ३ | वित्तीय हस्तान्तरण | | ३०१५७१५५८ | | विभिन्न कोष | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | ८६०००००० | | | | | |
| | ख) सशर्त अनुदान | २१५५७१५५८ | | | पूँजीगत खर्च | | १३७२४८३३२ |
| | ग) समपूरक अनुदान | ० | | | गण्डकी प्रदेश सरकार समपुरक अनुदान | ९८८०४४३ | |
| | घ) विशेष अनुदान | ० | | | संघीय सरकार समानिकरण अनुदान | ४९५९४४६७ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २३२३१९०६ | २ | प्रदेश सरकार समानिकरण अनुदान | ८०५९४३४ | |
| | क) वित्तीय समानीकरण अनुदान | १२९४४६७५. | | | संघीय सरकार राजश्व वाँडफाँड | २५०००० | |
| | ख) सशर्त अनुदान | ५२८७२३१ | | | आन्तरीक श्रोत | २२५४९६६९ | |
| | ग) समपूरक अनुदान | ५०००००० | | | शसर्त अनुदान पूजीगत | ३४८२७०८८ | |
| | घ) विशेष अनुदान | ० | | | प्रदेश सरकार राजश्व वाँडफाँड | १९००००० | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | जिल्ला समन्वय समितिबाट प्राप्त | ४९००००० | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | प्रदेश सरकार सशर्त अनुदान | ५२८७२३१ | |
| | क) ऋण प्राप्ति | ० | | ३ | विषयगत निकाय | | ९०२१८७९१ |
| | ख) साँवा प्राप्ति | ० | | | औद्योगिक ग्राम निर्माण | १३००००० | |
| | ग) ब्याज प्राप्ति | ० | | | सडक वोर्ड नेपाल | २८००००० | |
| | घ) अन्य प्राप्ति | ० | | | प्रकोप व्यवस्थापनका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | १०००००० | |
| ७ | विभिन्न कोषतर्फको आय | | ४१५३८४६ | | सामाजिक सुरक्षा | ७१८७७००० | |
| ८ | जनसहभागिता (नगद) | ० | ० | | प्रकोप व्यवस्थापनको लागि अन्य स्रोतबाट सहायता कोभिड १९ | १०००००० | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | १०२७२३७१२ | | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७१५१२८६ | |
| | जिल्ला समन्वय समितिबाट प्राप्त | ४९००००० | | | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रम चालु | ४५८४८० | |
| | ओधोगिक ग्राम निर्माण | ९२००००० | | | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रम पुँजीगत | ६९४९५ | |
| | सडक वोर्ड नेपाल | २४८२३०१ | | | सामाजिक विकास मन्त्रालय | ३१०००० | |
| | प्रकोप व्यवस्थापनका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | १०००००० | | | शिक्षा विकास निर्देशनालय | १३००००० | |
| | सामाजिक सुरक्षा | ७१८७७००० | | | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | ९५२५३० | |
| | प्रकोप व्यवस्थापनको लागि अन्य स्रोतबाट सहायता कोभिड | १०००००० | | | समाजकल्याण कार्यक्रम | १०००००० | |
| | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७१५१२८६ | | | मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय | १०००००० | |
| | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रम चालु | ४५८४८० | | ५ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रम | ६९४९५ | | | क) ऋण भुक्तानी | | ० |

| सि. नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| | पुँजीगत | | | | | | |
| | सामाजिक विकास मन्त्रालय | ३१०००० | | | ख) ब्याज भुक्तानी | | |
| | शिक्षा विकास निर्देशनालय | १३००००० | | | ग) अन्य भुक्तानी | | |
| | भूमि व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालय | ९५२५३० | | | लगानी | | |
| | समाजकल्याण कार्यक्रम | १०००००० | | | ऋण लगानी | | ० |
| | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय | १०००००० | | | शेयर लगानी | | |
| | एलजिसिडिपी | २२६२० | | | अन्य लगानी | | |
| | | | ० | ६ | धरौटी फिर्ता | | ६२१९०० |
| १० | धरौंटी आय | १९९७२८२ | १९९७२८२ | | कोष खर्च | | २८१७१९८ |
| ११ | लगानीको साँवा फिर्ता | | | | मौज्दात | | |
| १२ | अन्य विविध आय | २३९७४० | २३९७४० | | क) नगद मौज्दात | | |
| | | | ०.०० | | ख) बैंक मौज्दात | | ५२९७९६०७.९७ |
| | | | | | ग) संचित कोष | ४९११९८१०.९७ | |
| | | | | | विभिन्न कोषहरु | १७०१०५२ | |
| | | | | | धरौटी खाता | २१५८७४५ | |
| | जम्मा | | ५३३५३३३९६.४७ | | जम्मा | | ५३३५३३३९६.४७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु:

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपसिल बमोजिम रहेका छन्:<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम प्रत्येक बर्ष आषाढ १० भित्र बजेट पेस गर्नुपर्नेमा यस पालिकाले १० मा नै बजेट पेस गरेको छ ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।<br>• कार्यालयको श्रेष्ता र बैङ्क बीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैङ्क हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैङ्क खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ५७ र प्रशासनिकतर्फ २६ समेत ८३ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ४० र २० समेत ६० पदपूर्ति भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को नियम अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १ ऐन, २ नियमावली, ७ कार्यविधि ४ निर्देशिका र १ आचार संहिता समेत १५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ३. | **बजेट पेस, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री धनकुमारी गुरुङ्गले २०७६।०३।१० गते रु.४३ करोड ३ लाख ३१ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७६।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । उक्त बजेटमा रु.१,८३,५२,६२३।०० थप अख्तियारी प्राप्त भई रु.४४,८६,८३,७०३।०० कायम भएको छ । | |
| ४. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहायबमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं. | बजेट उपशीर्षक | कूल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | समानीकरण अनुदान नेपाल सरकार | ४९५९४४६७ | ३७३६८५६ | ९९६८७८९ | ३५८८८८२२ | २३६७९४४३ |
| २ | समपुरक अनुदान नेपाल सरकार | ०.०० | | | | |
| ३ | समानीकरण अनुदान गण्डकी प्रदेश | ८०५९४३४ | १४९४९१० | ३७८०००० | २७८४५२४ | ११८४८२४ |
| ४ | राजस्व बाँडफाँड सँघीय सरकार | २५०००० | ० | १००००० | १५०००० | १५००००. |
| ५ | राजस्व बाँडफाँड (प्रदेश सरकार | १९००००० | ० | २००००० | १७००००० | |
| ६ | आन्तरिक स्रोत | २२५४९४६९ | ६७०१५७३ | १०९८६४४२ | ४८६१४५४ | २५६६१४७६ |
| ७ | शसर्त अनुदान पुँजीगत नेपाल सरकार | २५१९००८८ | ० | ४४९८० | २५१४५१०८ | २१२२९६०८. |
| ८ | विशेष अनुदान चालु नेपाल सरकार | ०.०० | ० | ० | ० | ० |
| ९ | एस.एस.डि.पि. सोधभर्नाहुने अनुदान | ३४७०००० | ० | ० | ३४७०००० | २९२५५०० |
| १० | एस.एस.डि.पि. (सोधभर्ना हुने ऋण | ६१६७००० | | | ६१६७००० | ५१७७००० |
| ११ | गण्डकी प्रदेश ( शसर्त अनुदान चालु | ५२८७२३१ | | | ५२८७२३१ | ५२८७२३१ |
| १२ | गण्डकी प्रदेश - समपुरक अनुदान | ५०००००० | ० | ० | ५०००००० | ५०००००० |
| | कूल | १२७४६७६८९ | ११९३३३३९ | २५०८०२११ | ९०४५४१३९ | ९०२९५०८२ |
| | प्रतिशत | १०० | ९.३६ | १९.६८ | ७०.९६ | ७०.८४ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५. | **निकासा भन्दा बढी खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेस गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । तर यस पालिकाले देहाय अनुसारको शीर्षकमा. वि.नियोजन गरेभन्दा रु.४८ लाख ८० हजार ४४३ | ४८८०४४३.५० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

बढी खर्च गरेको अनियमित देखिएको रु.

| सि.नं. | शीर्षक | निकासा रकम | खर्च भएको रकम | निकासा भन्दा बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | संघीय सशर्त चालु | २१५५७१५५८ | २१५५७१५५८.५० | ०.५० |
| २ | समपुरक अनुदान | १२९४४६७५ | १७८२५११८ | ४८८०४४३ |
| | | | **जम्मा** | **४८८०४४३.५०** |

निर्धारित बजेटको सीमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

६. **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कूल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २७३८१००० | २१०३६०४३ | ५.४३ |
| सामाजिक क्षेत्र | २४९६७२०८० | २२३९७७८५७ | ५७.९० |
| पूर्वाधार विकास क्षेत्र | ८६२८२४७३ | ६७८५४९६५ | १७.५४ |
| वित्तीय व्यवस्थापन र सुशासन | ६६३३००० | ३७३२४६३ | १.०० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ११८७५०१०० | ७०२६४५७१ | १८.१६ |
| **जम्मा** | **४८८७१८६५३** | **३८६८६५८९९** | **१००** |

७. **खर्च विश्लेषण** - पालिकाले यस वर्ष कूल आन्तिरक आयबाट रु.४२,२६,१३६.०० राजस्व बाँडफाँड र अनुदानबाट रु.४२,०१,९२,६८०.०८ समेत रु.४२,४४,१८,८१६.०८ आम्दानी भएकोमा चालुतर्फ रु.२,४९६,४७,५६७.५० र पुँजीगततर्फ रु.१३,७२,४८,३३२.०० समेत रु.३,८६,९५,८९९.५० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०९ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.७०,००,०००.०० खर्च भएको छ जुन आन्तरिक आयको १६५.६३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.८२ प्रतिशत चालु र ३२.३३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**संगठन तथा कर्मचारी व्यवस्थापन**

८. **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५,००,०००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ ।

९. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा. वि.वाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको १८ गरी कूल २३ विवाद दर्ता भएकोमा १४ वटा मात्र फछ्र्यौट भई ९ बाँकी देखिन्छ । न्याय सम्पादन

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १०. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| | **पदाधिकारी सुविधा** | |
| ११. | **कानुनी सल्लाहकार** - गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । तर नगरपालिकाले न्यायीक समितिको लागि कानुनी सल्लाहकार नियुक्ति गरी वर्ष भरीमा रु.१,९२,०००.०० खर्च लेखेको छ । | |
| १२. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२२,९२,४५४।०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १३. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले प्रकोप व्यवस्थापन तथा असाहय सहायता प्रयोजनको लागि यो वर्ष विभिन व्यक्ति एवं संघ संस्थालाई रु.५,००,०००.०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | **अनुदान प्राप्ति, वितरण र फिर्ता** | |
| १४. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.५,००,०००।०० तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.४,३८,०८,५००।०० गरी रु.४,४३,०८,५००।०० खर्च लेखेको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १५. | **वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकालले दीर्घकालिन पुँजी निर्माण हुने तथा दीर्घकालिन आय वृद्धि हुने खालका कार्यमा खर्च नगरेर वितरणमुखी खर्च गरेको पाइयो । यसरी वितरमुखी खर्चलाई निरुत्साहित गर्नुका साथै नियन्त्रण गरिनु पर्दछ । वितरणमुखी खर्चको केही उदाहरणहरु यस प्रकार रहेको छ । | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| गो.भौ./मिति | विवरण | रकम |
|---|---|---|
| २८-२०७६/६/१५ | तीज विशेष कार्यक्रम | २१२१५० |
| २६९-२०७७/२/२३ | वोराङ भजन वालुङ समाजलाई सहयोग | १००००० |

१६. **नाफामूलक संस्थालाई अनुदान —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भनेपनि सार्वजनिक रुपमा निःशुल्क वा न्यून शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ५ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चको लागि रु.१,५०,०००।०० अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन ।

| सि.नं. | अनुदान पाउने व्यक्ति वा संस्था नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १. | करण श्रेष्ठ | मासु पसलका लागि डि फ्रिज खरिद | ३०००० |
| २. | हिरालाल श्रेष्ठ | मासु पसलका लागि डि फ्रिज खरिद | ३०००० |
| ३. | अप्सरा लौडारी चिलुवाल | मासु पसलका लागि डि फ्रिज खरिद | ३०००० |
| ४. | चित बहादुर थापा | मासु पसलका लागि डि फ्रिज खरिद | ३०००० |
| ५. | शिवराम लामिछाने | मासु पसलका लागि डि फ्रिज खरिद | ३०००० |
| | | जम्मा | १५०००० |

यस्तो खर्चमा नियन्त्रण कायम गर्नु पर्दछ ।

१७. **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले विविध कार्यमा रु.७२,२९,०००.०० बजेट विनियोजन गरी गाडी मर्मत, आर्थिक सहयोग, छात्रबृत्ति, मसलन्द सामान खरिद, औषधि उपचार, फर्निचर खरिद, खाजा खर्च, पाईप वितरण जस्ता कार्यमा खर्च गरिएको छ । पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव व्यक्ती लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट बजेट विनियोजन गरेर खर्च गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

१८. **प्रमाणित कागजात -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ अनुसार जिम्मेवार व्यक्तिले प्रत्येक कारोवारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके वमोजिमको रीत पुरयाई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम, ४ अनुसार अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना खरिद गर्न गराउन नहुने व्यवस्था छ । अधिकार प्राप्त अधिकारीबाट बिल भरपाई लगायतका कागजात प्रमाणित गर्नुपर्नेमा बिल भरपाई लगायत कार्यसम्पन्न प्रतिवेदनमा समेत कार्यालय प्रमुखले प्रमाणित गरेको छैन । यसले गर्दा भुक्तानीमा समावेश भएका कागजात वास्तविक भुक्तानीका लागि पुष्टि हुने कागजात नहुन सक्ने जोखिम देखियो । अधिकार प्राप्त अधिकारीबाट भुक्तानीका लागि पुष्टि हुने कागजात भएको व्यहोरा प्रमाणित गरेर मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ । उदाहरणः

| सि.नं. | भौ.नं. र मिति | योजनाको नाम | कार्यसम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३०१।०७७।३।२५ | लामपारा सामुदायीक भवन निर्माण | ३५०६४३ | २९८५६० |
| २ | ३०२।०७७।३।२५ | सातविसे महिला समूह भवन निर्माण | २२५४७७ | १९०४४० |
| ३ | ३०३।०७७।३।२५ | लुपु गाँउ गैरी गाउँ गाईबोट खहरे चालिसे सडक | ५३७६५२ | ४५०००० |
| ४ | ३०८।०७७।३।२८ | कुवापानी दक्षीणवस्ती सडक निर्माण | १६४२१५ | १३६४५५ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ५ | ३३२।०७७।३।३१ | तेस्रोदेखी माझीगाँउसम्म सडक निर्माण | ५७०१९७ | ५००००० |

**कर दस्तुर एवं आन्तरिक आय**

१९. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३०००००० | ८१३०५० | २७.१० |
| घरजग्गा वहाल कर | ५०००० | ८७३५९ | १७४.७२ |
| व्यवसाय कर | १००००० | ८४६५० | ८४.६५ |
| **जम्मा** | **३१५००००** | **९८५०५९** | |

पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२०. **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार ६ व्यवसायीबाट रु.१३,००,८१५.०० असुल गर्ने बाँकी रहेको छ ।

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | ब्रदर्स बिल्डर्स | ०१/राइनास/०७७/७८ | ५७०२१० | २८६००० | २८४२१० |
| २ | सोम एण्ड अमर कन्स्ट्रक्सन | ०२/राइनास/०७७/७८ | ४४०८२५ | २२०५०० | २२०३२५ |
| ३ | चम्पावती निर्माण सेवा | ०४/राइनास/०७७/७८ | ३०५८३० | १५३००० | १५२८३० |
| ४ | साजन कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ | ०७/राइनास/०७७/७८ | ४४८८४० | ४४८८४० | ० |
| ५ | दिक्षित इनुजिनियर एण्ड बिल्डर्स प्रा. लि. | ०८/राइनास/०७७/७८ | ९७३२५० | ४९०००० | ४८३२५० |
| ६ | कौडाल कन्सट्रक्सन एण्ड सप्लायर्स | १०/राइनास/०७७/७८ | ३२०६०० | १६०४०० | १६०२०० |
| | | जम्मा | ३०५९५५५ | १७५८७४० | १३००८१५ |

तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु. — १३००८१५.००

**आयकर एवं मू.अ.कर**

२१. **रीतपूर्वकको कर विजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रीतपूर्वकको कर विजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मू.अ.कर रु.४४९३४९.७० समेत रु.३९०५८८८.७३ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयीलाई रीतपूर्वकको कर बिजक बेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर रकमको कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु. — ४४९३४९.७०

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक नं./मिति | कर विजकको अवस्था | भुक्तानी रकम | मूअकर कर रकम |
|---|---|---|---|---|---|---|
| २/२०७७/३/१ | सुमिना इलेक्ट्रिक | ६०७३२७७७७ | १७३/२०७७/२/१ | बिलको मिति | ९०६०२.७२ | १०४२३.०० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सेन्टर | | | सच्चाइएको | | |
| ८/२०७७/३/३१ | आर.एस. विल्डर्स | ३०४५०२२२४ | २०७७/३/३१ | बिलको मिति सच्चाइएको | ३८१५२८६.०१ | ४३८९२६.७० |
| | | | | **जम्मा** | **३९०५८८८.७३** | **४४९३४९.७०** |

२२. **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१९,७९२.०० समेत रु.१,७२,०४२.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।

| गो.भौ.नंमिति/. | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक नं. / मिति | भुक्तानी रकम कर .अ.मू) (समेत | मूअकर कर रकम | नन्फाइल र रहेको मिति |
|---|---|---|---|---|---|---|
| ३८।०७६।७।२६ | न्यू कालिका निर्माण सेवा | ६०३५८५१०४ | १ ।०७६।७।२५ | १७२०४२ | १९७९२ | 2076/m /3 |

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेस हुनुपर्ने रु. १९७९२.००

**उपभोक्ता समिति मार्फत कार्य**

२३. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

| गो.भौनंमिति/. | उपभोक्ता समितिको नाम | डोजर प्रयोगकर्ता | कार्यसम्पन्न रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २३६।०७७।३।५ | टुनीगैरा राईनासकोट सडक नाला निर्माण उ.स. | ब्रदर्श बिल्डर्स | ५७१५२० | मेशीनको प्रयोग | ३३५५९२ |
| २८८।०७७।३।२३ | साहीलीटार मजुवा भलाएखर्क पन्चेडाडा आठस्वारा सडक उ.स. | समन्वय निर्माण सेवा | ११७६१२७ | मेशीनको प्रयोग | ७५०००० |
| २९७।०७७।३।२४ | चेपेखोला ठाँड मिलनचोक वर्राबोट सडक उ.स. | राईनास कन्स्ट्क्सन एण्ड डेभलपर्स प्रा. लि. | २३५६०० | मेशीनको प्रयोग | १३७६३४ |
| ३३२।०७७।३।३१ | तेस्रेदेखी माझीगाँउसम्म सडक उ.स. | स्नेहा कन्स्ट्रक्सन | ५७०१९७ | जे सि वि | १७४०२० |

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२४. **उपभोक्ता समितिको शून्य योगदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ मा जनसहभागिताको अंश समेत समावेश गरी लागत अनुमान तयार गर्नुपर्ने, नियम २ मा काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउनुपर्ने व्यवस्था छ । नगरपालिकाबाट सम्पन्न भएका कतिपय योजनाहरुमा लागत अनुमान तयार गर्दा नै उपभोक्ता समितिको जनश्रमदान शून्य राखेको पाइयो । यसबाट सम्बन्धित योजनाप्रति लाभग्राहीको अपनत्व नहुने एंव स्थानीय श्रमको उचित प्रयोग र परिचालन समेत नहुने भएकोले संचालन

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>तथा व्यवस्थापन सम्बन्धी कार्यविधि वनाई नियमावलीमा भएको व्यवस्थालाई पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । उदाहरण
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>कार्यालयले व्यहोर्ने</th><th>उपभोक्ता समितिले व्यहोर्ने</th></tr>
<tr><td>१</td><td>वडा नं ४ बाटो मर्मत योजना</td><td>४२१०००</td><td>४२१०००</td><td>०</td></tr>
<tr><td>२</td><td>प्याराजुङ्ग सडक योजना</td><td>४५०३३३</td><td>४५०३३३</td><td>०</td></tr>
</table>
यस्ता कार्यहरू शिलबन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>रोजगारी र उपयोगमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा सोही स्थानमा बसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति गठन गरी कार्य गराइएको छ । वडा कार्यालयको भवन र अस्पतालको भवन जस्ता भवन निर्माणमा पनि उपभोक्ता समिति मार्फत कार्य गराएको पाईयो ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>निर्माण कार्य</th><th>कार्यसम्पन्न</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२५।०७६।७।१७</td><td>९ नं वडा कार्यालय ग्यारेज निर्माण</td><td>१७५६६४</td><td>१५००००</td></tr>
<tr><td>५२।०७६।७।२८</td><td>६ नं वडा कार्यालय भवन निर्माण</td><td rowspan="2">२१९५९७५</td><td>१५२५२६२</td></tr>
<tr><td>६१।०७६।९।१</td><td>६ नं वडा कार्यालय भवन निर्माण</td><td>६७०७१४</td></tr>
<tr><td>२५३।०७७।३।१५</td><td>३ नं वडा आधारभुत स्वा के शौचालय निर्माण</td><td>२४२६७९</td><td>२०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२४४५९७६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.</td><td>स्पेशिफिकेशन - ३३०।०७७।३।३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नाम्लेधारा लिफ्टिङ्ग खानेपानी योजानाको लागत अनुमान रु.१२,४१,२६०.०० रहेकोमा रु.११,४२,०१६.०० को कार्यसम्पन्न प्रतिवेदन पेस गरेको छ । उक्त कार्यसम्पन्न भएको कार्यमा उपभोक्ता समितिको रु.२,७१,२५९.०० योगदान रहेको छ । उपभोक्ता समितिले पेस गरेको विजकमा 10 HP submersible pump hi head hi flow three phase को मू. अ. कर बाहेक रु.५,१२,३८९।३८ (without panel) रहेको छ । उक्त योजनाको लागत अनुमान, नापी किताव र कार्यसम्पन्न प्रतिवेदनमा मोटरको रु.५,९२,०००.० उल्लेख गरेर भुक्तानी गरिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ (१) बमोजिम लमजुङ्ग जिल्लाको आ. व. २०७६।७७ को लागि निर्धारण गरिएको जिल्ला दररेटमा स्पेशीफिकेशन अनुसार 10 HP submersible pump (without panel) को रु.१,८९,६००.०० देखि रु.२,६४,५००.०० सम्म मूल्य निर्धारण गरिएको छ । कागजात परीक्षणबाट उपभोक्ता समितिले पेस गरेको विजकमा, कार्यालयले तयार गरेको नापी र कार्यसम्पन्न प्रतिवेदनमा र जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटमा रहेको मूल्यमा एकरुपता देखिएन । दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट भन्दा बढी मूल्य भुक्तानी भएको देखिन्छ । योजनामा प्रयोग भएको मोटरको स्पष्ट स्पेशिफिकेशन पालिकाले तयार नगरेको कारणले कति मुल्यको कुन सामान प्रयोग भएको यकिन हुन सकेन । सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही लागत अनुमान तयार गरी कार्य गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>तोकिएको समयमा कार्य नभएको - ८२।०७७।९।२८ बीरभक्ति थापा पार्क मूर्ति निर्माण योजना लागत अनुमान रु.१९,४७,१४२.०० को उपभोक्ता समिति (अध्यक्ष धनबहादुर थापा) र पालिकाबीच २०७५।१२।३० मा कार्यसम्पन्न गर्ने गरी मिति २०७५।११।२ मा सम्झौता भएको छ । सम्झौता अनुसार मिति २०७५।१२।३० मा कार्यसम्पन्न गर्नुपर्नेमा मिति २०७६।९।१४ मा कार्यसम्पन्न भएको छ । उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गराईएकोमा उक्त काम के कारणले तोकिएको समयमा सम्पन्न हुन नसकेको परिस्थिति उल्लेख गरिएको छैन । साथै म्याद थप समेत भएको देखिँदैन । सम्झौता अनुसार बि. ओ. क्यूमा रु.१९,८७,९३८.०० रहेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.२१,०७,२७५.०० को कार्य गरेको छ । कार्यसम्पन्न प्रतिवेदनमा stone masonary(sidi) मा १० घ. मि. र Reinforcement मा २७३.१८ घ. मि. बढी परिमाण कार्य भएको देखाईएको छ । कार्यसम्पन्न प्रतिवेदनमा stone masonary र Reinforcement मा कार्य बढी देखाई भुक्तानी गर्दा ११९३४० बढी खर्च हुन गएको छ । उक्त बढी कार्यको भेरियसन गरेर स्वीकृत गरेको छैन । तोकिएको समयमा कार्यसम्पन्न गर्न नसक्ने उपभोक्ता समिति र बढी कामको भेरियसन गरेर मात्र भुक्तानी दिनुपर्नेमा सो नगरी भुक्तानी गर्ने सम्बन्धित पदाधिकारी जिम्मेवार भएको देखिएन। | |
| २८. | **डीपीआर खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| चक्रतीर्थ हस्पिटल भवन निर्माण | नक्सा डिजाइन एण्ड कन्सल्टेन्सी प्रा.लि. र स्केल आर्टिटेक्चर प्रा.लि. | १०००००० | ९८१०५० | ३०२२८८५०.१२ |
| भैरवस्थान साततले कुडुले सडक | प्रोफिसेन्ट सर्भेईङ्ग एण्ड डिजाईनिङ्ग प्रा लि | २९६२१७ | २९६२१७ | १६७०४१०२७ |
| | **जम्मा** | **१२९६२१७** | **१२७७२६७** | **१९७२६९८७७** |

| | | |
|---|---|---|
| | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| २९. | **Backhole Loader खरिद** - नगर प्रमुखको अध्यक्षतामा बसेको मिति २०७६/५/१९ को बैठकको निर्णयले नगरपालिकाको लागि १ थान फोर ह्वील व्याकहो लोडर खरिद गर्न रु.४५,००,०००.०० बजेट विनियोगजन गरी क्याटलग विधिको माध्यमबाट खरिद गर्न मिति २०७६/५/१९ मा सूची दर्ताको लागि शिलबन्दी दरखास्त माग गरेकोमा ४ वटा फर्मबाट सूची पेस हुन आएको पाइयो । उक्त सूची दर्ता भएका फर्महरूबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरेकोमा प्राविधिक तथा आर्थिक प्रस्तावबाट २ वटा फर्महरू जगदम्बा कन्स्ट्रक्सन सोलुसन प्रा.लि. र फेवा इन्टर कन्टीनेन्टल प्रा. लि. ग्राह्य भई निजहरूले पेस गरेको आर्थिक प्रस्ताव अनुसार जगदम्बा कन्स्ट्रक्सन सोलुसन प्रा.लि. को रु.३६,३०,०००.०० र फेवा इन्टर कन्टीनेन्टल ट्रेडिङ्ग प्रा.लि. को रु.४३,५०,०००.०० पेस आएकोले मूल्याङ्कन समितिको मिति २०७६/७/१४ को निर्णयले कम कबोल अङ्क पेस गर्ने जगदम्बा कन्स्ट्रक्सन सोलुसन प्रा.लि. बाट खरिद गर्न सिफारिस गरे अनुसार शिलबन्दी दरभाउपत्र स्वीकृत गरी उक्त फर्मसँग मिति २०७६/७/२७ मा सम्झौता गरी १ थान व्याकहोइ लोडर खरिद गरी भौ.नं. ९३/२०७६/१०/१५ बाट रु.३३,८०,०००.०० र भौ.नं. ३३६/२०७७/३/३१ बाट रु.२,५०,०००.०० समेत रु.३६,३०,०००.०० भुक्तानी भएको छ । | |
| ३०. | **प्रशासनिक भवन निर्माण –** नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि मू.अ. कर | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समेत रु.६,१२,८८,४८८.०० को ल.ई. तयार गरी मिति २०७६/२/१५ मा विद्युतीय बोलपत्रको माध्यमबाट कार्य गराउन सूचना प्रकाशन गरेकोमा ७ वटा फर्मबाट बोलपत्र पेस हुन आएको पाइयो । सबैभन्दा घटी अङ्क मू.अ. कर समेत रु.४,६३,५७,१७२.०० कबोल गर्ने निर्माण व्यवसायी कञ्चनजंघा निर्माण सेवासँग मिति २०७६/६/२ मा सम्झौता भएको पाइयो । सम्झौता मितिले ३६ महिना अर्थात् २०७९/६/१ सम्ममा सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएको पाइयो । उक्त भवन निर्माण वापत भौ.नं. ३४३/२०७७/३/३१ मा प्रथम रनिङ्ग बिल वापत रु.६६,१२,४४३.०० र पेश्की रु.८१,६०,०००.०० समेत रु.१,४७,७२,४४३.०० भुक्तानी भएको छ । तोकिएको म्यादभित्र काम सम्पन्न हुने गरी कार्य गराउनेतर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ । | |
| | **पुंजीगततर्फ** | |
| ३१. | **लमसम -** भौ.नं. र मिति ।०७६।१०।२० **राईनास** सिंचाई योजनाको लागत अनुमान रु.५१,९६,३९२.०० को कार्य मिति २०७६।१२।२५ मा सम्पन्न गर्ने गरी मिति २०७६।९।२८ मा सम्झौता भएको छ । नापी किताव अनुसार रु.५२,२९,७९७.०० को कार्य भएको देखिएकोमा २० गेट मर्मत रिपेयर कार्यमा रु.४५,०००.०० का दरले लमसममा राखेर रु.९,००,०००.०० खर्च भएको छ । यसरी गेट निर्माण तथा मर्मत कार्यमा कुन कुन सामान प्रयोग भएको हो नर्म्स अनुसार गर्नुपर्नेमा हचुवामा लमसम राखेर भुक्तानी गर्ने कार्यले प्राविधिक कर्मचारी नापजाँच कार्यमा गम्भिर भएको देखिएन । | |
| ३२. | **कामको परिमाण अनुसार भुक्तानी -** गो भौ.नं. र मिति २६९।०७७।३।१८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार निर्माण कार्यमा पुरा गरिएको कार्यको परिमाणको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । देवीस्थान आहालडाँडा सडक स्तरोन्नति कार्यमा मेजरमेन्ट बुकमा उल्लेख भए अनुसार Dry Wall को (L×b×h=7×0.9×2) १२.६ घ.मी. हुनुपर्ने देखिन्छ । कार्यसम्पन्न प्रतिवेदनमा उक्त कार्य Dry Wall को १५.३६ घ.मी. उल्लेख गरी रु.४,५०७।२५ का दरले जम्मा रु.६९,२३१।३६ भुक्तानी भएको छ । नापी किताव अनुसार भन्दा २.७६ घ.मी. परिमाण बढी भुक्तानी भएको देखियो । यसरी बढी परिमाण २.७६ घ. मी. को रु.४,५०७।२५ का दरले हुने रकम असुल गर्नुपर्ने रु. | १२४३९.०० |
| ३३. | **नर्म्स फरक पारी वढी भुक्तानी -** ग्रामीण सडकहरुको लागि स्थानीय पुर्वाधार तथा कृषि सडक विभाग (डोलिडार) ले नर्म्स तयार पारेको छ । स्थानीय तहले ग्रामीण सडकहरु लगायतका पूर्वाधार तयार गर्दा सोही नर्म्स प्रयोग गरेको देखिन्छ । नर्म्स अनुसार साधारण माटो काट्ने कामको लागि प्रति घनमिटर ०.५ म्यानडेज र कडा माटो काट्ने कामको लागि प्रति घनमिटर ०.६ म्यानडेज प्रयोग हुने उल्लेख भएकोमा कार्यालयले उक्त कामको लागि भवनको नर्म्स प्रयोग गरी क्रमशः ०.७ र ०.८ म्यानडेज प्रयोग गरेको छ । नर्म्समा उल्लेख भएको दरभन्दा बढी दर राखेकोले देहायअनुसार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १५०३१.०० |

| सि. नं. | गो. भौ.नं. र मिति | निर्माण कार्य | कार्यविवरण | परिमाण | हुनुपर्ने दर | भुक्तानी भएको दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | २७६।०७७।३।२१ | महादेवस्थान सग्रवास साततले सडक | नरम माटो खन्ने कार्य | २५ | ३६८.२३ | ५१५.५२ | १४७.२९ | ३६८२.२५ |
| २ | २८३।०७७।३।२३ | पाल्लेपानी आमासमूह गेट निर्माण | नरम माटो खन्ने कार्य | २२.५ | ३६८.२३ | ५८९.१६ | २२०.९३ | ४९७०.९२५ |
| ३ | ३२०।०७७।३।३० | शारदा मा. वि. घेरावार निर्माण | नरम माटो खन्ने कार्य | ४३.३० | ३६८.२३ | ५१५.५२ | १४७.२९ | ६३७७.६५७ |
| | | | | | | | जम्मा | १५०३०.८३ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३४. | **पहिरो सफाई कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ (१) बमोजिम लमजुङ्ग जिल्लाको आ. व. २०७६।७७ को लागि कामदारको ज्याला ढुवानी निर्माण सामाग्री र मेशीन उपकरणको भाडाको जिल्ला दररेट निर्धारण गरिएको छ । डोजर वा एक्साभेटर | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लगाई पहिरो सफाई (landsite clear) कार्यको लागि प्रति घ. मी. रु.४२.०० निर्धारण गरिएको छ । तपसिलको योजनामा पहिरो सफाई (landsite clear) कार्यमा जिल्ला दररेट भन्दा बढी दरमा भुक्तानी भएको छ । यसरी तोकिएको जिल्ला दररेट भन्दा बढी दरमा भुक्तानी गरिएको रकम असुल गर्नुपर्ने रु. | १७५३२५.०० |

| सि.नं. | भौ.नं. र मिति | कामको परिमाण घ.मी. | हुनुपर्ने दर | भुक्तानी दर | बढी दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | ८।०७६।६।८ | २८८० | ४२ | ५४.३६ | १२.३६ | ३५५९७ |
| २ | १२।०७६।६।१४ | ३०० | ४२ | ५४.३६ | १२.३६ | ३७०८ |
| ३ | ३०।०७६।७।१९ | ११२० | ४२ | ५४.३६ | १२.३६ | १३८४३ |
| ४ | ३८।०७६।७।२६ | ६८४ | ४२ | ५४.३६ | १२.३६ | ८४५४ |
| ५ | ४१।०७६।८।२ | २०० | ४२ | ५४.३६ | १२.३६ | २४७२ |
| ६ | ४१।०७६।८।२ | १०३६ | ४२ | १०३.६२ | ६१.६२ | ६३८३८ |
| ७ | ४४।०७६।८।४ | १०३६ | ४२ | ५४.३६ | १२.३६ | १२८०५ |
| ८ | ४४।०७६।८।४ | २८०० | ४२ | ५४.३६ | १२.३६ | ३४६०८ |
| | | | | | जम्मा | १७५३२५ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३५. | **पाईप खरिद कार्य** - ३२३।०७७।३।३० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ (१) बमोजिम लमजुङ्ग जिल्लाको आ. व. २०७६।७७ को लागि कामदारको ज्याला ढुवानी निर्माण सामाग्री र मेशीन उपकरणो भाडाको जिल्ला दररेट निर्धारण गरिएको छ । पृथक हार्डवयरबाट पालिकाले खरिद गरेको एच. डि. पि. ई. पाईपमा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरिएको जिल्ला दररेट भन्दा फरक दरमा भुक्तानी भएको छ । तोकिएको जिल्ला दररेट भन्दा बढी दरमा भुक्तानी गरिएको रकम असुल गर्नुपर्ने रु. | ३३७०८.०० |

| सि.नं. | पाईपको साईज | परिमाण मिटर | भुक्तानी दर | जिल्लादर | बढी दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | 50mm/6kgf/$cm^2$ | १००० | १५१.७५ | १४०.९२ | १०.८३ | १२२३८ |
| २ | 40mm/10kgf/$cm^2$ | १००० | १४५.२० | १३३.६४ | ११.५६ | १३०६३ |
| ३ | 25mm/10kgf/$cm^2$ | १००० | ५७ | ५२.५२ | ४.४८ | ५०६२ |
| ४ | 20mm/1kgf/$cm^2$ | १००० | ३७.८० | ३४.८४ | २.९६ | ३३४५ |
| | | | | | जम्मा | ३३७०८ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **नगरपालिका चालु** | |
| ३६. | **सामुदायिक मेलमिलाप तालिम** - वडा स्तरीय मेलमिलाप केन्द्र स्थापना तथा तालिम सञ्चालन कार्यक्रम अन्तर्गत यस नगरपालिकाले रु.४ लाख २२ हजार १ सय ९० खर्च गरेको छ । यसमा देखिएको व्यहोरा निम्न रहेको छः | |
| ३६.१. | मेलमिलाप सम्बन्धी तालिम सञ्चालन गर्नको लागि परामर्श संस्था शान्तिका लागि समग्र विकास संस्थासँग तालिम सञ्चालनार्थ सम्झौता गर्दा कार्यालयको तर्फबाट कार्यालय प्रमुखले सम्झौता गर्नुपर्नेमा नगरपालिका प्रमुखले सम्झौतामा हस्ताक्षर गरेको पाइयो । आर्थिक अधिकार प्राप्त व्यक्तिले सम्झौता नगरी नगर प्रमुखले सम्झौता गर्नु उचित देखिएन । | |
| ३६.२. | सार्वजनिक निकायले तालिम तथा गोष्ठी सञ्चालन गर्दा प्रदेश खर्चको मापदण्ड तथा अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले तालिमको मापदण्ड नबनाएकोले प्रदेश तथा संघको मापदण्ड अनुसार तालिम सञ्चालन गर्नुपर्ने देखिन्छ । यस नगरपालिकाले न्यायिक समितिको मेलमिलप सम्बन्धी ७ दिने तालिम सञ्चानलका लागि रु.३४००।०० प्रति सेसनका दरले ४४ सेसनको रु.१,४९,६००।०० भुक्तानी गरेकोमा थप कार्यपत्र वापत एकमुष्ठ रु.१४,०००।०० भुक्तानी गरेको देखियो । यसरी प्रति सेसन रु.३४००।०० को दरले भुक्तानी गरेर कार्यपत्र वापत भुक्तानी गर्नु कार्यविधि विपरित देखिएकोले उक्त रकम तालिम सञ्चालक संस्था शान्तिका लागि समग्र विकास मार्फत असुल गर्नुपर्ने रु. | १४०००.०० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३६.३. | तालिम सञ्चालक संस्था शान्तिका लागि समग्र विकास संस्थाले पेस गरेको कार्यतालिका अनुसार उद्घाटन र अन्तिम सेसन समापन कार्यक्रम सहित प्रतिदिन ६ सेसनका दरले ७ दिनको ४२ सेसन हुन आउने र उद्घाटन र समापन कार्यक्रमको प्रशिक्षण भत्ता दिन नमिल्ने व्यवस्था छ । जसमा ४० सेसनको मात्र भुक्तानी गर्न मिल्ने देखिन्छ । तर यस नगरपालिकाले रु.३४००।०० को दरले ४४ सेसनको भुक्तानी दिएकोले ४ सेसनको हुन आउने रकम रु.१३,६००।०० बढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु. | १३६००.०० |
| ३७. | **मत्स्य पालन कृषक अवलोकन भ्रमण -** ४०७-२०७७/३/३१ मत्स्य पालन कृषक अवलोकन भ्रमण अन्तर्गत यस नगरपालिकाले यस बर्ष ३ लाख बजेट छुट्याएकोमा रु.३ लाख नै खर्च गरेको देखिएको छ । यसमा देखिएका व्याहोरा हरु निम्न रहेको छ । | |
| ३७.१. | २०७६/९/१६ देखि २०७६/९/२३ सम्म ७ दिन सञ्चालन भएको मत्स्य पालन कृषक अवलोकन भ्रमणमा कार्यलयको कर्मचारी सहित १५ जना कृषक भ्रमण गरेकोमा भ्रमण जाँदा गाडी भाडामा लिएर भ्रमण गएको र साथै भ्रमणमा रहँदा खाना बाससहित बिल भरपाई पेस गरेको पाइयो । साथै सहभागी भत्ता भनेर प्रतिव्याक्ति प्रतिदिन रु.१५००।०० को दरले रु.१,०८,०००।०० भुक्तानी गरेको देखियो । यातायात सुविधा र खाना बस्न सुविधा कार्यालयले नै उपलब्ध गराएकोमा सहभागी भत्ता भनेर रु.१५००।०० को दरले भुक्तानी गर्न मिल्ने व्यवस्था देखिँदैन । यसरी कार्याविधिमा व्यवस्था नभएको शीर्षकमा खर्च गर्नुपरेमा कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराएर मात्र गर्नुपर्ने व्यवस्था छ । यसरी कार्यक्रम स्वीकृत नगाराइ कार्यविधिमा व्यवस्था भएको भन्दा बाहिर खर्च गरेको अनियमित देखिएको रु. | १०८०००.०० |
| | **सशर्त चालु शिक्षा** | |
| ३८. | **लेखापरीक्षण खर्च –** गो. भौ.नं. र मिति ५७।०७६।११।१२ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं. २.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणको लागि आधारभुत तहको लागि वार्षिक रु.१०,०००.०० र माध्यमिक तहको लागि वार्षिक रु.१५,०००.०० एकमुष्ठ अनुदान उपलव्ध हुने व्यवस्था छ । तपसिलका विद्यालयलाई सामाजिक परीक्षण वापत निकासा उपलव्ध गराएकोमा आ.व. २०७५।७६ को सामाजिक परीक्षण प्रतिवेदन पेस गरेको छैन । यसरी सामाजिक परीक्षण प्रतिवेदन पेस नगरेका विद्यालयले प्रतिवेदन प्रमाण पेस गर्नुपर्ने रु. | ३४५०००.०० |

| सि.नं. | विद्यालयको नाम | सामाजिक परीक्षण रकम |
|---|---|---|
| १ | ज्ञानोदय मा. वि. १ | १५००० |
| २ | महेन्द्र वाल विकास मा. वि. १ | १५००० |
| ३ | सौभाग्योदय नमुना मा. वि. ४ | १५००० |
| ४ | शिशु विद्याश्रम मा. वि. ५ | १५००० |
| ५ | शैलपुत्री नमूना मा. वि. ६ | १५००० |
| ६ | शारदा मा. वि. ७ | १५००० |
| ७ | रुद्र मा. वि. ८ | १५००० |
| ८ | विरभक्ती मा. वि. ८ | १५००० |
| ९ | जनता मा. वि. ९ | १५००० |
| १० | भैरव मा. वि. ९ | १५००० |
| ११ | बुद्धमिलन मा. वि. १० | १५००० |
| १२ | कालिका आ. वि. २ | १०००० |
| १३ | सरस्वती आ. वि. ३ | १०००० |
| १४ | चम्पावती आ. वि. ३ | १०००० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १५ | जनचेतना आ. वि. ३ | १०००० |
| १६ | प्रगति आ. वि. ५ | १०००० |
| १७ | वसन्तावती आ. वि. ५ | १०००० |
| १८ | मिलन आ. वि. ६ | १०००० |
| १९ | चण्डी आ. वि. ६ | १०००० |
| २० | विरेन्द्रदिप आ. वि. ६ | १०००० |
| २१ | सरस्वती आ. वि. ७ | १०००० |
| २२ | अमरज्योती आ. वि. ८ | १०००० |
| २३ | सुवोदय आ. वि. ८ | १०००० |
| २४ | सुदर्शन आ. वि. ८ | १०००० |
| २५ | कृष्ण आ. वि. ८ | १०००० |
| २६ | विरेन्द्र शान्ती आ. वि. ९ | १०००० |
| २७ | शान्तिदेवि आ. वि. ९ | १०००० |
| २८ | सप्तकन्या आ. वि. ९ | १०००० |
| २९ | दुर्गादेवि आ. वि. ९ | १०००० |
| | **जम्मा** | **३४५०००** |

३९. **जिन्सी दाखिला** – गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा २४ को उपदफा १ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । सम्बन्धित संस्थाले खरिद गरेका तपसिलमा उल्लेखित मालसामान जिन्सी दाखिला गरेको प्रमाण पेस हुन आएन । अतः सम्बन्धित संस्थामा जिन्सी दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु. ३७८९४८३.००

| सि. नं. | भौ. नं र मिति | खरिद गर्ने संस्था | खरिद सामानहरु | खरिद मुल्य |
|---|---|---|---|---|
| १ | ३२५।०७७।३।३० | प्रावि तहमा कम्प्युटर लगायतका प्रविधिका सामाग्री सहयोग | डेस्कटप कम्प्यूटर ६ ब्रदर्श प्रिन्टर ६ | ४९९९८६ |
| २ | १३०।०७७।३।३० | समाज उत्थान सामुदायी सिकाई केन्द्र | डेस्कटप १ ल्यापटप १ | ९९००० |
| ३ | १३०।०७७।३।३० | सूर्योदय सामुदायी सिकाई केन्द्र | डेस्कटप १ ल्यापटप १ | ९९००० |
| ४ | १३०।०७७।३।३० | तार्कुघाट सामुदायी सिकाई केन्द्र | डेस्कटप १ ल्यापटप १ | ५१००० |
| ५ | १३०।०७७।३।३० | राईनास सामुदायी सिकाई केन्द्र | डेस्कटप १ ल्यापटप १ | ५१००० |
| ६ | १३०।०७७।३।३० | मोहोरियाकोट सामुदायी सिकाई केन्द्र | डेस्कटप १ ल्यापटप १ | ५१००० |
| ७ | १२९।०७७।३।३० | समाज उत्थान सामुदायी सिकाई केन्द्र | अफिस टेवल १ प्लाष्टीक कुर्ची १ | १९४९२ |
| ८ | १२९।०७७।३।३० | सूर्योदय सामुदायी सिकाई केन्द्र | अफिस टेवल १ प्लाष्टीक कुर्ची १ | १९४९२ |
| ९ | १२९।०७७।३।३० | तार्कुघाट सामुदायी सिकाई केन्द्र | अफिस टेवल १ प्लाष्टीक कुर्ची १ | १९४९२ |
| १० | १२९।०७७।३।३० | राईनास सामुदायी सिकाई केन्द्र | अफिस टेवल १ प्लाष्टीक कुर्ची १ | १९४९२ |
| ११ | १२९।०७७।३।३० | मोहोरियाकोट सामुदायी सिकाई केन्द्र | अफिस टेवल १ प्लाष्टीक कुर्ची १ | १९४९२ |
| १२ | १२२।०७७।३।२९ | रुद्र मा वि राईनास ८ | विज्ञान प्रयोगशालका सामाग्री १९६ आईटम | ४९८४७१ |
| १३ | १२२।०७७।३।२९ | शिशु विद्याश्रम मा वि | ३७४ किसिमका पुस्तक खरिद | ६४०२५० |
| १४ | १२२।०७७।३।२९ | जनता मा वि | ८५६ किसिमका पुस्तक खरिद | ५६३५९८ |
| १५ | १२२।०७७।३।२९ | भैरब मा वि राईनास | विज्ञान प्रयोगशालका सामाग्री | ४९८४६८ |
| १६ | १२२।०७७।३।२९ | ज्ञानोदय मा वि राईनास १ | डेल कम्प्यूटर १२ प्रिन्टर १ ह्वाईट बोर्ड १ प्रोजेक्टर २ ब्लुटुथ स्पीकर ३ | ६४०२५० |
| | | | **जम्मा** | **३७८९४८३** |

४०. **बढी निकासा** — कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६।७७ अनुसार दरबन्दीमा रही कार्यरत रहेका शिक्षकलाई कार्यालयले चौमासिक रुपमा तलव भत्ता निकासा दिने व्यवस्था छ । तर पालिकाले निम्न विद्यालयहरूको शिक्षक तथा कर्मचारीहरूको प्रथम चौमासिक

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | २०७६ श्रावण, भाद्र, आश्विन र चाडवाड खर्चवापत विद्यालयबाट प्राप्त माग फारमको आधारमा रु.९०,१४,२६९।६० विद्यालयको खातामा निकासा दिनुपर्नेमा रु.९४,५२,७३९।६० निकासा दिएबाट रु.४,३८,४७०।०० बढी निकासा दिएको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ४३८४७०.०० |
| | <table><tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>माग रकम</th><th>निकासा</th><th>बढी निकासा</th></tr><tr><td>१</td><td>ज्ञानोदय मा.वि.</td><td>३७१९३०२.००</td><td>३७२७५३३.००</td><td>८२३१.००</td></tr><tr><td>२</td><td>बुद्ध मिलन मा.वि.</td><td>२७१३४३३.६०</td><td>३०३६२०२.६०</td><td>३२२७६९.००</td></tr><tr><td>३</td><td>भैरव मा.वि.</td><td>२५८१५३४.००</td><td>२६८९००४.००</td><td>१०७४७०.००</td></tr><tr><td></td><td>जम्मा</td><td>**९०१४२६९.६०**</td><td>**९४५२७३९.६०**</td><td>**४३८४७०.००**</td></tr></table> | |
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम** | |
| ४१. | **माझीगाउँ-एक्लेफाँट महादेवस्थान-सग्रवास साततले सडक** - माझीगाउँ-एक्लेफाँट महादेवस्थान-सग्रवास साततले सडक निर्माणको लागि मू.अ. कर समेत रु.९९,६९,४३७.३३ को ल.ई. तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाट मिति २०७६/११/८ मा सूचना प्रकाशन गरेकोमा एउटामात्र बोलपत्र दर्ता भएको पाइयो । बोलपत्र पेस गर्ने निर्माण व्यवसायी सोम एण्ड अमर कन्स्ट्रक्सन प्रा.लि. सिरानचोक-२ गोरखाको बोलपत्र स्वीकृत गरी निर्माण व्यवसायीले कबोल गरेको मू.अ. कर, कन्टेन्जेन्सी र पि.एस. समेत रु.७८,६८,१४१.४८ मा सम्झौता गरेको पाइयो । निर्माण व्यवसायीले निर्माण कार्य पश्चात निजले पेस गरेको ठेक्का बिल अनुसार भौ.नं. २/२०७७/३/३१ बाट रु.५,२७,२३१.०० भुक्तनी भएको छ । सडकको निर्माण कार्य पूर्ण रुपमा सम्पन्न भएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार तथा स्वीकृत हुनुपर्नेमा जति काम भएको छ त्यति कामलाई नै कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी गर्ने गरेको पाइयो । | |
| ४२. | **कार्य सम्पन्न प्रतिवेदन पेस नभएको** –२/२०७६/१२/१० सौभाग्योदय माध्यमिक विद्यालयलाई विद्यालय भौतिक सुधार कार्यको लागि अनुदान रकम भनी रु.४९,५०,०००.०० उपलब्ध गराइएकोमा लेखापरीक्षणको समयसम्म पनि उक्त अनुदान रकमको कार्य सम्पन्न प्रतिवेदन पेस हुन नआएकोले भौतिक पूर्वाधार निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नुपर्ने रु. | ४९५००००.०० |
| ४३. | **नवीकरणीय उर्जा** – १०/२०७७/३ यस नगरपालिकाको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नवीकरणीय उर्जाको परिप्रयोग प्रवर्द्धन गर्न विद्युतीय चुलो ७० गोटा खरिद गरी दिगो विकास प्राइभेट लिमिटेड वनस्थली, काठमाडौंलाई मू.अ. कर समेत प्रतिगोटा रु.६,९९४.७० का दरले Double Burner Electronic Stove (Echulo) खरिद गरी रु.४,८९,६२९.०० भुक्तानी भएको छ । उक्त खरिद गरेका चुलाहरू नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, वडा सदस्य तथा ८ जना कर्मचारीहरूलाई समेत ६२ वटा वितरण गरेको र ८ वटा नगरपालिकाको स्टोरमा नै रहेको पाइयो । उक्त बाँकी रहेका ८ वटा चुलोहरू वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा वितरण गरिने नगरपालिकाको भनाई रहेको छ । नवीकरणीय उर्जाको परिप्रयोग प्रवर्द्धन जस्ता कार्य स्थानीय जनताहरूलाई प्रत्यक्ष र दीर्घकालिन उपयोग तथा फाइदा हुने गरी गर्ने गराउनेतर्फ नगरपालिकाको ध्यान जानु पर्दछ । | |
| ४४. | **सडकबोर्ड नेपाल** – १/२०७६/५/२७ धमिलिकुवा बारोङ्गखोला मोटरबाटो स्तरोन्नति कार्य गर्न उपभोक्ता समितिसँग मिति २०७६/३/२८ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०७५/१०/२० मा सम्झौता गरेको पाइयो । उपभोक्ता समितिले कार्य सम्पन्न गरेपश्चात निर्माण कार्यको भुक्तानी गर्न सम्झौता अनुसार सडकबोर्ड नेपालसँग रु.२९,६०,०६५.०० निकासाको लागि मिति २०७६/३/२४ मा नगरपालिकाट माग गरेको पाइयो । निकासा | ३१७६९९.०० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्राप्प भएपछि सोधभर्नाबाट हिसाब मिलाउने गरी उपभोक्ता समितिलाई रु.२८,००,०००.०० खर्च लेखी भुक्तानी गरेकोमा नगरपालिकाबाट सडकबोर्ड नेपालबाट रु.२४,८२,३०१.०० मात्र प्राप्त भएकोले सोधभर्ना हुन बाँकी रकम रु.३,१७,६९९.०० सडकबोर्ड नेपालबाट सोधभर्ना लिनुपर्ने देखिएको रु. | |
| ४४.१. | **दाखिला छुट** — भौ.नं. १/२०७६/५/२७ मा उपभोक्ता समितिलाई रु.२८,००,०००.०० खर्च लेखी भुक्तानी गर्दा अग्रिम रुपमा कट्टी गरेको अग्रिम कर रु.१५,१४३.०० बहाल कर रु.७०,०००.०० सा.सु. कर रु.१०,५११.०० समेत रु.९५,६५४.०० दाखिला गर्नुपर्नेमा दाखिला गर्न छुट भएकोले उक्त रकम सम्बन्धित खतामा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु. | ९५६५४.०० |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ४५. | **बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको छ । तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु. | ४८०००.०० |

| वडा | लाभग्राहीको नाम | जन्म मिति | ना.प्र.प.नं. | प्रथम चौमासिक | तेस्रो चौमासिक | जम्मा |
|---|---|---|---|---|---|---|
| ८ | पुतली सार्की | २०१०।७।८ | ५४१ | ८००० | ८००० | १६००० |
| १० | टकमाया गुरुङ्ग | २००४।५।१ | २२२० | १२००० | | १२००० |
| १० | कुश्मी माया गुरुङ्ग | २००५।३।१९ | २६४७ | १२००० | | १२००० |
| १० | रेसु कुमारी गुरुङ्ग | २००५।३।१९ | २२४१ | ८००० | | ८००० |
| | | | कूल जम्मा | ४०००० | ८००० | ४८००० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **भरपाई भन्दा बढी खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत निम्न गो.भौ.नं. र मितिबाट पेश्की फछ्र्यौट गर्दा वितरण गरेको भरपाई भन्दा बढी खर्च लेखेको छ । तसर्थ बढी खर्च लेखेको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | ३५१००.०० |

| गो.भौ.नं./मिति | वडा | पेश्की लिनेको नाम | पेश्की रकम | वितरण गरेको रकम | बाँकी रकम | फिर्ता गरेको | फिर्ता गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|
| ५।२०७६।१०।२९ | ४ | प्रमिला कँडेल | १८९४४०० | १८४२४०० | ५२००० | २८००० | २४००० |
| ५।२०७६।१०।२९ | ३ | सुस्मिता भट्टराई | २०५१२०० | १९६०६०० | ९०६०० | ८९६०० | १००० |
| १४।२०७७।३।३१ | ६ | मदन विलास पन्त | ३१९१२०० | ३०८१८०० | १०९४०० | १०२००० | ७४०० |
| १४।२०७७।३।३१ | ७ | शोभा दिक्षित थापा | २२८९६०० | २२७०१०० | १९५०० | १८४०० | ११०० |
| १४।२०७७।३।३१ | ९ | रमेश थापा | ३३८६४०० | ३०८५८०० | ३००६०० | २९९००० | १६०० |
| | | | | | | जम्मा | घछङ्गण |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **विपद् व्यवस्थापन** | |
| ४७. | **समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरी २ वटा बैठक बसी कोरोना महामारी नियन्त्रण सम्बन्धी कार्य तथा स्वास्थ्य सुरक्षाका सामाग्री खरिद गर्ने निर्णय गरेको पाइयो । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८.</td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>वार्षिक प्रतिवेदन — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०.</td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम - स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार राइनासटार सिँचाई निर्माण योजना, दलितमैत्री सामुदायिक भवन निर्माण र कुँडुले बहु साँस्कृतिक सामुदायिक भवन निर्माण परियोजना सञ्चालन गर्न रु.७४,०६,०००।०० बजेट प्राप्त भएकोमा रु.७१,५१,२८६।०० खर्च भई १०० प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ ।
<table>
<tr><th>आयोजनाको प्रकार</th><th>आयोजनाको संख्या</th><th>बजेट रकम</th><th>खर्च रकम</th><th>वित्तीय प्रगति प्रतिशत</th><th>भौतिक प्रगति प्रतिशत</th></tr>
<tr><td>राइनासटार सिँचाई निर्माण योजना, दलितमैत्री सामुदायिक भवन निर्माण र कुँडुले बहु साँस्कृतिक सामुदायिक भवन निर्माण</td><td>३</td><td>७४०६०००</td><td>७१५१२८६</td><td>९६.५६</td><td>१००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०.१.</td><td>बढी भुक्तानी — ८/२०७७/३/३१ राइनास सिँचाई योजना निर्माणको लागि मू.अ. कर र पि.एस. बाहेक रु.४२,८०,४६६.९६ को ल.ई. तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाट मिति २०७६/१२/९ मा सूचना प्रकाशन गरी पेस हुन आएका २ वटा बोलपत्र मध्ये आफूले पेस गरेको कबोल अङ्कमा २२ प्रतिशत छुटमा कार्य गर्न मञ्जुर गर्ने आर.एस. बिल्डर्सको कबोल अङ्क मू.अ. कर समेत रु.३७,७२,८०३.५७ स्वीकृत गरी मिति २०७७/३/२५ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७७/३/२ मा सम्झौता भएकोमा निर्माण कार्य पश्चात भेरियसन अर्डर समेत ठेक्का बिल अनुसार बिल रकम रु.४३,१८,०६२.०५ मा बोलपत्र पेस गर्दा घटी पेस गरेको ०.०१% र कबोल अङ्कमा छुट घोषणा गरेको २२% समेत २२.०१% ले हुने रकम रु.९,५०,४०५.५५ छुट गरी मू.अ. कर समेत</td><td>९८३४.००</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.३८,०५,४५२.०० मात्र भुक्तानी दिनुपर्नेमा रु.३८,१५,२८६.०० भुक्तानी दिएबाट बढी भुक्तानी भएको रकम रु.९,८३४.०० असुल गरी दाखिला गर्नुपर्ने रु. | |
| ५१. | **औद्योगिक ग्राम निर्माण —** औद्योगिक ग्राम निर्माणको लागि आ.व. २०७६/७७ मा रु.९२,००,०००.०० बजेट प्राप्त भएकोमा नगरपालिकाबाट पि.एस. र मू.अ. कर बाहेक रु.१,७१,५८,४२६.७६ को लागत इष्टिमेट तयार गरी मिति २०७६/११/१६ मा विद्युतीय बोलपत्रको माध्यमबाट सूचना प्रकाशन गरेकोमा १३ वटा फर्महरूले बोलपत्र पेस गरेको पाइयो । सबैभन्दा घटी रु.१,१४,६१,१९४.५३ (३३.२०% घटी) कबोल गर्ने बस्नेत निर्माण/भगवती कन्स्ट्रक्सन जे.भी. को बोलपत्र स्वीकृत गरी मिति २०७७/३/११ मा सम्झौता भएको पाइयो । मिति २०७७/३/३१ सम्म रु.१३,००,०००.०० पेश्की उपलब्ध गराएको बाहेक अन्य भुक्तानी दिएको पाइएन । तर आ.व. २०७७/७८ मिति २०७७/९/८ मा तेश्रो रनिङ्ग बिलसम्म पेश्की फछ्र्यौट समेत रु.९२,००,०००.०० नै भुक्तानी भएको छ । जुन आर्थिक वर्षको लागि बजेट प्राप्त भएको हो सोही आर्थिक वर्षमा नै निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यको थालनी गरिनुपर्दछ । | |
| ५२. | **कोभिड १९ तर्फ —** नगरपालिकाबाट उपलब्ध गराइएको विवरण अनुसार आ.व. २०७६।७७ को आषाढ मसान्तसम्म प्रदेश सञ्चित कोषबाट, स्थानीय तहको आफ्नै कोषबाट, संघीय कोभिड कोषबाट र अन्य श्रोतबाट समेत रु.६७३२१११।०० आम्दानी भएकोमा कोरोना संक्रमण रोकथाम नियन्त्रण र व्यवस्थापन कार्यमा रु.६७३२१११।०० हजार खर्च गरेको छ । खर्च रकम निम्न शीर्षकमा भएको पाइयोः | |

| बजेट/आम्दानीको स्रोत | २०७७ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७७ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | | राहत वितरण | ३२७५३४२ |
| प्रदेश सञ्चित कोषबाट | १००००००० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | १८५११०७ |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | ४५४०००० | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ५००००० |
| संघीय कोभिड कोषबाट | ० | जनशक्ति परिचालन | ३५७२५ |
| प्रदेश कोभिड कोषबाट | ० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ६३३३८८ |
| अन्य स्रोतबाट प्राप्त | २८२१११ | स्वास्थ्य पूर्वाधार निर्माण | ० |
| | | अन्य शीर्षकमा भएको खर्च | ४३६५४९ |
| | | **बाँकी** | **०** |
| **जम्मा** | **६७३२१११** | **जम्मा** | **६७३२२१११** |

उक्त कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न रहेका छन्ः

| | | |
|---|---|---|
| ५२.१. | **अन्य शीर्षकबाट कोभिड खर्च -** कोभिड १९ केश इन्भेष्टिगेसन तथा कन्टयाक ट्रेसिङ्ग टिम परिचालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को सि.नं. ६ अनुसार यस टिम परिचालनका लागि लाग्ने सम्पूर्ण खर्चको व्यवस्था स्थानीय तहले कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि छुट्टाइएको कोषबाट व्यवस्था मिलाउनु पर्ने र यदि नपुग भएमा प्रदेश तथा संघीय सरकारसँग माग गर्न सक्ने व्यवस्था छ । पालिकाले तपसिलको वडामा राहत वितरणमा भएको खर्च रकम कोषबाट भुक्तानी दिन नपुग भएको उल्लेख गरी वित्तीय समानीकरण चालु तथा पुँजीगत शीर्षकबाट खर्च गरिएको छ । पालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्नुपर्नेमा अन्य शीर्षकबाट खर्च गरिएको रकम नियमसम्मत नदेखिएको रु. | २७८३०९६.०० |

| भौ.नं. र मिति | खर्च कार्यक्रम | खर्च रकम | खर्च भएको |
|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | शीर्षक |
|---|---|---|---|
| १७१।०७७।१।८ | राहात सामाग्री खरिद | २०००००० | पुँजीगत |
| २९०।०७७।३।२४ | काठमाण्डौमा राहत वितरण | १००००० | पुँजीगत |
| ३०४।०७७।३।२६ | राहात सामाग्री खरिद | १४४७२२ | पुँजीगत |
| ३४२।०७७।३।२६ | विपद् व्यवस्थापन औषधि खरिद | ४००००० | चालु |
| ३५८।०७७।३।२९ | क्वारेन्टाईन व्यवस्थापन सामान खरिद | १३८३७४ | चालु |
| | जम्मा | २७८३०९६ | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२.२. | **अन्य कार्यालयबाट खर्च —** कोरोना संक्रमण, रोकथाम, नियन्त्रण र व्यवस्थापन कार्यका लागि जिल्ला प्रशासन कार्यालय लमजुङबाट रकम उपलब्ध गराउन माग भएअनुसार भौ.नं. ७।०७७।२।१३ बाट रु.१,००,०००.०० र भौ.नं. ३८।०७७।३।१६ बाट रु.५,००,०००.०० गरी जम्मा रु.६,००,०००.०० जिल्ला प्रशासन कार्यालय लमजुङ्गको क्वारेन्टाईन सञ्चालन तथा व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी रकम पठाएको पाइयो । | |
| ५२.३. | **सक्कल बिजक पेस नभएको -** ४७।०७७।३।२९ आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । ७ नं. वडा कार्यालय गरमबेसीलाई रु.२,०५,०००.०० क्वारेन्टाईन व्यवस्थापनमा भएको खर्च वापत वडा अध्यक्ष श्री माधव प्रसाद पराजुलीलाई भुक्तानी गरिएकोमा सो को सक्कल बिल भरपाई पेस नभएकोले प्रमाण पेस गर्नुपर्ने रु. | २०५०००.०० |
| ५२.४. | **भरपाई पेस नभएको -** गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार खर्च गर्दा प्रचलित कानूनले तोके बमोजिमको रीत पुगे नपुगेको परीक्षण गरी खर्च गर्नुपर्ने साथै बिल भर्पाइ खर्चको पुस्ट्याई हुनेगरी राख्नुपर्ने व्यवस्था छ । तपसिलको वडाहरुमा राहत वितरणको लागी रकम भुक्तानी गरिएकोमा राहत वितरण गरेको प्रमाण पेस हुन आएन । राहत सामाग्री वितरण गरेको प्रमाण पेस गर्नुपर्ने रु. | १७२३३९४.०० |

| सि.नं. | वडा नं | विषय | भुक्तानी रकम |
|---|---|---|---|
| १. | ७ | राहत वितरण | २९३४८० |
| २. | ८ | राहत वितरण | १७४०६४ |
| | | **जम्मा** | **४६७५४४** |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२.५. | **राहत वितरण -** गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नु पर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुऱ्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्नेछ । तपसिलको वडामा राहत वितरणमा खरिद गरेको सामाग्री भन्दा घटी वितरण गरेको प्रमाण पेस हुन आएकोले वितरण भरपाई भए पेस गर्ने अन्यथा वितरण हुन बाँकी सामाग्री बराबरको हुने रु.६३,०२०.०० फिर्ता दाखिला गर्नुपर्ने रु. | ६३०२०.०० |

| सि.नं. | खाद्यान्न | खरिद | वितरण | बाँकी | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | **वडा नं २** | | | | | |
| | चामल (के जी ) | ३००० | २७०० | ३०० | ६० | १८००० |
| | तेल (लिटर ) | २४० | २१६ | २४ | ११८ | २८३२ |
| | नुन (के जी ) | २४० | २१६ | २४ | २२ | ५२८ |
| | चिनी (के जि) | २४० | २१६ | २४ | ८० | १९२० |
| २ | **वडा नं. ४** | | | | | |
| | चामल (के जी ) | ३३७५ | ३११३ | २६२ | ६० | १५७२० |
| | तेल (लिटर) | २७० | २४९ | २१ | ११८ | २४७८ |
| | नुन(के जी ) | २७० | २४९ | २१ | २२ | ४६२ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | चिनी(के जि ) | २७० | २४९ | २१ | ८० | १६८० |
| ३ | **वडा नं. ५** | | | | | |
| | चामल (के जी ) | ३३७५ | ३१२५ | २५० | ६० | १५००० |
| | तेल (लिटर ) | २७० | २५० | २० | ११८ | २३६० |
| | नुन (के जी ) | २७० | २५० | २० | २२ | ४४० |
| | चिनी (के जि ) | २७० | २५० | २० | ८० | १६०० |
| | | | | | **जम्मा** | **६३०२०** |

५२.६. **राहत वितरण मापदण्ड -** कोभिड १९ को कारण प्रभावित व्यक्तिहरुका साथै असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६ सि.नं.५ (१) अनुसार आवश्यकता अनुसार पटक पटक गरी लकडाउन अवधिभरका लागि राहत सामाग्री वितरण गर्नुपर्ने र सि.नं. २ अनुसार स्थानीय तहले निर्धारण गरेको परिमाण बमोजिम वितरण गर्नुपर्ने व्यवस्था छ । तपसिलको राहत वितरणमा चामल, तेल, नुन, चिनी वितरण गरेको भरपाई पेस भएको भएता पनि परिवार संख्याका आधारमा मापदण्ड तयार गरी वितरण गरेको छैन । कार्यविधिले तोके बमोजिम परिवार संख्याका आधारमा मापदण्ड तयार नगरी वितरण गरेकोले मापदण्ड विपरित वितरण गरेको देखियो । मापदण्ड विपरित वितरण गरेको सामाग्री नियमसम्मत नदेखिएको रु. — ३५८२४७.००

| सि.नं. | वडा नं | विषय | रकम |
|---|---|---|---|
| १ | ५ | राहत वितरण | २१२५१९ |
| २ | १० | राहत वितरण | १४५७२८ |
| | | **जम्मा** | **३५८२४७** |

५३. **पेश्की बाँकी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार पेश्की फछ्र्यौट नभई बाँकी रहेको रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. — ३६८९७०००.००

| गो.भौ.नं. र मिति | पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | पेश्की रकम | | |
|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| **ठेकेदार** | | | | |
| ३३९/२०७७/३/३१ | कञ्चनजङ्गा निर्माण सेवा | ११६८००० | | ११६८००० |
| ३४१/२०७७/३/३१ | कञ्चनजङ्गा निर्माण सेवा | ५०००००० | | ५०००००० |
| **संस्थागत** | | | | |
| ७/२०७७/३/१८ | शैलीपुत्री नमूना मा.वि. | | ५१७७००० | ५१७७००० |
| ७/२०७७/३/१८ | शैलीपुत्री नमूना मा.वि. | | २९२५५०० | २९२५५०० |
| ७/२०७७/३/१८ | शैलीपुत्री नमूना मा.वि. | | ६८९७५०० | ६८९७५०० |
| ८/२०७७/३/२३ | शौभाग्योदय मा.वि. | | १००५०००० | १००५०००० |
| १०१/२०७७/३/२४ | शैलीपुत्री नमूना मा.वि. | | ३७६०००० | ३७६०००० |
| १०१/२०७७/३/२४ | शौभाग्योदय मा.वि. | | ३७६०००० | ३७६०००० |
| ७/२०७७/३/३१ | कञ्चनजङ्गा निर्माण सेवा | | २०००००० | २०००००० |
| **व्यक्तिगत** | | | | |
| ३५/२०७६/४/१ | जितबहादुर नेपाली | | ५२००० | ५२००० |
| ३५/२०७६/४/१ | जितबहादुर नेपाली | | ३००० | ३००० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>३६/२०७६/४/०१</td><td>जितबहादुर नेपाली</td><td></td><td>५०००००</td><td>५०००००</td></tr>
<tr><td>१३५/२०७६/१०/१५</td><td>कुमारनाथ न्यौपाने</td><td></td><td>१०००००</td><td>१०००००</td></tr>
<tr><td>१३१/२०७७/३/३१</td><td>शेखरनाथ न्यौपाने</td><td></td><td>१६७२०००</td><td>१६७२०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६१६८०००</td><td>३६८९७०००</td><td>४३०६५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४.</td><td>आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरूः</td><td></td></tr>
<tr><td>५४.१.</td><td>८/२०७७/३/३१ राइनासटार सिँचाई योजना ठेक्का नं. ३/२०७६/७७ निर्माण कार्यको लागि श्री आर.एस. विल्डर्ससँग मू.अ. कर समेत रु.३८,०२,८०३.६६ माम सम्झौता भएकोमा नापी मूल्याङ्कन बिल रु.३८,४५,२८६.०० गरी सोही बमोजिम भुक्तानी भएकोमा सम्झौता भन्दा बढी भुक्तानी भएको रकम रु.४२,४८२.१५ नियमित गर्नुपर्ने रु.</td><td>४२४८२.१५</td></tr>
<tr><td>५४.२.</td><td>८/२०७७/३/३१ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग बमोजिम ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५०% हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने र सोको जानकारी सम्बन्धित आपूर्तिकर्ता ठेकेदारलाई दिनुपर्ने भन्ने उल्लेख भएकोमा आर.एस. विल्डर्सलाई मू.अ. कर वापत भुक्तानी गर्नुपर्ने रु.४,३८,९२६.७१ को ५०% ले हुने रकम रु.२,१९,४६३.३५ कार्यालयले सोझै निजको नमाबाट सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्नुपर्नेमा सबै निर्माण व्यवसायीलाई भुक्तानी गरेकोले उक्त समायोजन भएको प्रमाण पेस गरी नियमित गर्नुपर्ने रु.</td><td>२१९४६३.३५</td></tr>
</table>

अनुसूची-१

## सञ्चित कोष विवरण
## २०७६/७७

प्रदेशः गण्डकी (रु.हजारमा)

| क स | स्थानीय तह | जिल्ला | आय | | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाट | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १. | राईनास नगरपालिका | लमजुङ्ग | ४८४३३ | ३२४८०४ | ४६९५५ | ४२२६ | १०९११५ | ४८५१०० | २४९६४७ | १३७२४८ | ९३६५८ | ४८०५५३ | ५२९८० |

अनुसूची-२

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७६/७७

(रु.हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | राईनास न पा | लमजुङ्ग | ३७ | ३४ | ६१३२९ | - | ५ | १९८६ | ३७ | २९ | ५९३४३ | २०९६ | ८१७२ | १२१७८ | - | - | २०३५० | - | ३६८९७ | ३६८९७ |

अनुसूची-३

## अद्यावधिक बेरुजू स्थिति
## २०७६/७७

(रु.हजारमा)

| क्र.स. | स्थानीय तह | जिल्ला | गत वर्षसम्मको बाँकी | यो वर्ष फछ्र्योट | बाँकी | यो वर्ष सम्परीक्षणबाट कायम | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १. | राईनास नगरपालिका | लमजुङ्ग | ३८२१८ | ० | ३८२१८ | - | ५९३४३ | ९७५६१ |